# भालेगैंडा भनेको त बाघको नाम पो रहेछ

*पुष्प श्रेष्ठ*

एक दशक बितेछ कति चाँडो ! कामको चटारो सधैं । यस अवधिमा आफू अधबैंसे भएको पत्तो पनि भएनछ मलाई । ठीक एक दशकअगाडि मैले ‘पर्यटक पथप्रदर्शक’ को तालिम लिएको थिएँ र काम थालेको थिएँ । जुन आजपर्यन्त अनवरत आफ्नो परिवारको लालन-पालन र देशको पर्यटन सेवामा स्यानो समर्पण भएछ, भरखर फक्रिएको सयपत्रीको थुँगा नवयौवनाको चुल्ठोमा समर्पित भएझैं । यही हो आजसम्मको जिन्दगीको बहिखाता । हिजो अङ्कल भन्दै पछ्याउनेहरू कुम दाँज्न थालेछन् आज । जिन्दगी त नदीको पानी हो सलल बगिरहने । बाँध बाँधेर पटाए ऊर्जा दिन्छ, नत्र बगिरहन्छ । भेल भए विनाश पनि गर्न सक्छ । मेरो जिन्दगी खोलाबाट नदी, नदीबाट सागर बनेर नफैलिए पनि खहरे भएर न त उर्लियो न सुक्यो खडेरीमा । अब भोलिको मौसम कस्तो हुन्छ ? भोलि उदाउने सूर्यले देखाउला ।

संस्कृति कुनै पनि जातिको अस्तित्वको धरोहर हो । हाम्रो श्रुति र युक्तिले झलमल्ल सिँगारिएको छ हाम्रो संस्कृति । हाम्रो कर्मशील जीवनको पाइला पाइलामा हामीलाई झकझक्याउने, मार्गनिर्देश गर्ने अभिभावक हुन् हाम्रा श्रुति र युक्तिहरू । ज्ञानवर्द्धक र सटीक उखान टुक्काहरू छन्, हौसला र प्रेरणाका स्रोत छन् जीवन सञ्चार गर्नलाई । ‘खाने मुखलाई जुँगाले छेक्दैन ।’ आस्था र धैर्यको प्रतीक छ ‘अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ ।’ दैवले मेरो रोजीरोटीको स्रोत कला, संस्कृति र प्रकृतिसँग जोडिदिएको छ । मेरो स्वभावअनुसार मेरो रोजगारी मिल्नु भावीले नै जुराइदिएको होला । यसै बितेको दशकमा मेरो रोजगारीले प्रकृतिका सुन्दरफाँटहरू चिनाए, हिमालका बदलिँदा रङ्गहरू चिनाए । यी प्रिय आँखाहरूले चितौनको फाँटमा, श्रावणमा मयूर पूरा बैंस फक्राएर नाचेको देखेको छ । मृगका गाजल, नयन देखेको छ । नदी, झरना, तालका विविध सौन्दर्यमा लोलाएको छ यो कोमल मन ।

नगरकोटको डाँडा होस् या धुलिखेलको, ककनीको डाँडा होस् या साराङ्गकोटको । प्रत्येकपटक बेग्लाबेग्लै रूपमा सूर्यास्त र सूर्योदयको अद्वितीय रूपमा लोभिएको छु म । कहिलेकाहीं म आफैं गम्छु, म चित्रकार भएको भए असफल हुने थिइँन होला ।

दृश्यावलोकनको लागि पर्यटकहरूलाई मैले लानुपर्ने ठाउँहरूको आ-आफ्नै विशिष्ट विशेक्षताहरू छन् । प्रत्येक स्थान मेरो लागि अति प्रिय छन् । जहाँ जहाँ म जतिपटक गए पनि मलाई पहिलोचोटि देखेको सुखानुभूति दिन्छ पुरानो दृश्यले पनि ।

पथप्रदर्शक भएको नाताले मैले पर्यटकहरूलाई लगेर, त्यो दृश्य देखाउने अझ मानौं सिङ्गो नेपाल चिनाउने दायित्व नै मेरो रोजगारी हो । पर्यटकहरूका लागि नेपालको संस्कृति, कला, ताल, हरिया डाँडाकाँडा, जङ्गल, हिमशिखर, चैत्य, रहनसहन, चितवनका दुर्लभ जनावर नै आकर्षणका प्रमुख स्रोत हुन् । मौरी घारमा झुम्मिएझैं हाम्रो सौन्दर्यको फाँटमा पर्यटकहरू आफ्नो व्यस्तता बिसाउँछन् केही पल । जसको कारण आज पर्यटन सेवा राष्ट्रिय आयको मेरुदण्ड सावित भएको छ भने देशलाई चाहिने विदेशी मुद्रा आर्जन गर्नमा जेठो पनि छ ।

पथप्रदर्शकको तालिमपश्चात् समयको गतिसँगै मेरो काम बढ्दै गयो । बितेका एक दशकमा आफू जहाँ पुगें त्यो ठाउँ बार-बार पुगें । त्यहाँका ढुङ्गामाटो, रूखपात सबै मीत भैसके अब त ।

यही जानेक्रममा म चितौन राष्ट्रिय निकुञ्जका प्रायः सबै रिसोर्टमा पुगें । यस राष्ट्रिय निकुञ्जभित्र जानेक्रममा मैले देखेका जनावरहरू गैंडा, भालु, चितुवा, गौरीगाई, हात्ती, अटर, बँदेल, वनकुकुर, जरायो, अजिङ्गर, मृग, हरिण, गोही, घडियाल मेरो लागि सामान्य जनावर भैसकेका छन् । यी जनावर बारम्बार देखे पनि अझसम्म बाघ देखेको थिइँन । प्राकृतिकरूपमा बाघ हेर्ने रहर मनभरि छँदैथियो । बाघ हेर्ने रहरमा टोलीबाट छुट्टिएर बेग्लै पनि गएँ जङ्गलभित्र । बाघ देख्ने अवसर कहिल्यै नपर्ने । प्रत्येक पटक जङ्गल जाने अवसर पाउँदा मनमनै कामना गर्थें कि

हे, भगवान् ! यसपालि त बाघ हेर्न पाउँ तर प्रत्येकपटक बाघको पाइला र बाघको आची हेरेर चित्त बुझाउनु पर्थ्यो मैले ।

प्रत्येक जनावरको आ-आफ्नो स्वभाव । मानिसझैं शाकाहारी, मांसाहारी । कोही समुहमा बस्ने, सामूहिक शिकार गर्ने, कोही स्वतन्त्र बस्ने । यिनीहरूमध्ये बाघ स्वतन्त्र विचरण गर्ने लज्जालु स्वभावको बिरालो जातिको हिंस्रक जनावर हो जो दिनभर आराम गर्छ र रातभर शिकारको खोजीमा हिंड्छ । आफ्नो शिकार आफै गर्छ र एक्लै खान्छ ।

दिउँसो प्रायः आराम गर्ने बाघको स्वभाव भएकोले पनि होला बाघ हेर्न कठिन भएको । मेरो बाघ हेर्ने प्रयत्न जोरदार थियो ।

प्रत्येकपल्ट यात्रा जिज्ञासा साथ सुरु हुन्थ्यो र निराश भएर त्यो यात्रा टुङ्गिन्थ्यो र पनि त्यहाँ जाने मेरो यात्रा अटुट रह्यो । एक दिन त कसो नदेखिएला र बाघ । मनलाई सान्त्वना दिन्थें ।

यात्रा नै मेरो व्यवसाय हो । व्यावसायिक यात्राको गन्तव्य पनि कस्तो स्वर्गीय प्रकृतिको काख । यसै व्यावसायिक यात्राको क्रममा थाइल्याण्डमा कृक्षि विज्ञान अध्ययन गर्ने तीन ताइवानीहरू १५ फेब्रुअरी १९९४ मा आफ्नो स्यानो छुट्टी बिताउन नेपाल भ्रमणमा आए । उनीहरूको भ्रमणलाई सफल, सुखद बनाउने जिम्मा मेरो हातमा आयो ।

विमानस्थलमा स्वागत गरें र होटलमा लगें । उनीहरूले जान चाहेको स्थान, होटल, हाम्रो कार्यक्रमको एकप्रति दिएँ‘ र विस्तृत छलफल भयो ।

काठमाडौंको दृश्यावलोकन सकेर हामी पोखरा लाग्यौं । अब पोखरा दुई रात र चितवन दुई रातको कार्यक्रम बाँकी थियो । हिमाल खुल्दा विवाह मण्डपको नवयौवना बेहुलीझैं कलकलाउँदो थियो पोखरा । धेरै लोभिए पोखरादेखि उनीहरू । दुई रात उनीहरूलाई थोरै भयो पोखरामा । एक रात चितवनको घटाएर एक रात बढी पोखरा बस्न पाए हुन्थ्यो भन्दै मलाई मिलाउन अनुरोध गरे । मिलाउन गाऱ्हो थिएन तर चितवनको आफ्नै महत्व छ । मात्र एक रात चितवनको दृश्यावलोकन अधुरो यात्रा हो । उनीहरूले कुरामा सहमति जनाए र मैले सन्तुलित निर्णय दिएँ । गोली ताकेकै ठाउँमा लागेर शिकार ढलेझैं मेरो बोली पनि ठीक ठाउँमा परेछ । त्यसपछि एक रात पोखरा बस्ने जिद्धी तुहियो ।

भोलिपल्ट बिहान ८ बजे हाम्रो चितवन जाने निधो भयो । भोलिपल्ट बिहान मेरो परिचित होटल ‘न्यु इन्द्रायणी’ सृजना चोकमा ब्रेकफास्ट खाने धनको र मेरो सल्लाह भयो । धन महर्जन यात्राको सहयोगी र मेरो गीति एल्बमको प्रमुख स्तम्भ जसको सहयोगमा दुईवटा गीति एल्बम सृजना गरें । मेरा पर्यटकहरू पनि यही स्यानै होटलमा जाने भए हामीसँगै । मसला, अमलेट, रोस्ट र खसीको सुकुटी क्या स्वादिलो । मेरो एक जना पर्यटकले त ४ प्लेट अमलेट, ३ प्लेट सुकुटी खलास पारेर सन्तुष्टि लियो पूरा ।

ब्रेकफास्टपश्चात् हाम्रो चितवनको यात्रा सुरु भयो । गाडी सललल अलकत्रे सडकमा आफ्नै गतिमा थियो मैले बाटो बाटोमा पर्ने स्याना बजार हिमाल, ट्रेक, अनि चितवन र यी सबैका विशेक्षताहरूको आवश्यकता अनुसारको जानकारी दिएँ ।

हाम्रो गन्तव्य राष्ट्रिय निकुञ्ज भित्रको ‘टेम्पल टाईगर’ जहाँ हामीलाई दुई रात बिताउनु थियो । मुगलिङ, नारायणघाट हुँदै हामी दिउँसै थारुभिलेजदेखि दक्षिण नारायणी नदीको तीरमा पुग्यौं ।

नारायणी तरेर जानु थियो अब । धनसँग पर्सि फर्कने समय मिलाएँ । गाडी रोकिनासाथ हरियो सर्ट, हरियो क्यापको माथि र सर्टमा ‘टेम्पल टाईगर’ को लोगो टाँसेका ३/४ जना स्टाफ हात जोर्दै गाडीको नजिक आए । तीमध्ये एकजना नयाँ अनुहार थपिएका, अन्य पूर्वपरिचित थिए ।

नयाँ अनुहारलाई गाडी भित्रैबाट एकसरो हेरें । भरखरको २१/२२ वर्षको स्यानो कद, उज्यालो अनुहार, मधुर मुस्कान ओठमा । हेर्दै मिलनसार ।

हात जोड्दै मेरो सामु उभियो । गाडीबाट ओर्लें म । हात अगाडि बढाउँदै । वेलकम इन टेम्पल टाइगर दाई आइ एम जोर्डन न्युली अप्वाइन्टेड स्टाफ एक सासमा भन्यो परिचयको क्रममा । आफूलाई अगाडि बढाउनु पर्ने पालो मेरो । केही नसोची नहाँसी भने आइ एम इजिप्ट भाई ।

एक बेग हाँस्यो उन्मुक्त आकाशमा उडिरहेको किङ फिसर चराको बेगझैं जोर्डन भाइ । नीलो आकाशमा भाइको हाँसो फैलियो टाढा-टाढासम्म । मेरा पर्यटकहरू मैले के भने त्यस्तो र ऊ उन्मुक्त हाँस्यो थाहा नपाई ट्वाल्ल पर्न थाले लाटाजस्तै वाह दाइ, तपाईं त क्या मजाको भन्दै आफ्नो उन्मुक्त हाँसो रोक्ने प्रयत्न गर्न थाल्यो । अरू भाइहरू डुङ्गामा ब्यागहरू राख्न थाले । मैले भाइहरूलाई व्यागको सङ्ख्याको बारेमा जानकारी दिएँ ।

नारायणी तरेर पनि अरू २० मिनेट जति गाडीमा जानुपर्ने थियो । खोला पारि ‘ल्यान्ड रोभर’ हामीलाई पर्खिरहेको थियो । डुङ्गामा बस्यौं हामी । १० मिनेटमा पारि पुगियो । नदी तर्दा भाइसँग केही कुराकानी भयो कुराकानीकै सिलसिलामा भाइले भने भर्खर ‘कलेज सिध्याएर रोजगारीको लागि नेपाल आएको काम पाएँ यहाँ ।’ दार्जीलिङको तामाङ भाइ । नाम उही जोर्डन ।

नदी पारि रिसोर्टले केहीबेर थकान मेट्न बनाएको छाप्रोमा स्वागतसाथ कोक-फेन्टा दिए । साथै स्यानो भिजेको सुगन्धित रुमाल हात पुछ्न । हातमुख पुछ्नासाथ रातो टीका लगाइदिए निधारमा । मेरा पर्यटकहरू अनकनाए टीका लगाउन । मैले उनीहरूलाई कुनै नोक्सान त छैन, यो टीका हाम्रो संस्कृतिको एक अङ्ग हो र स्वागत गर्ने परम्परागत तरिका । यो टीका सुख, समृद्धि र सफलताको कामनाको लागि लगाइन्छ । विजयको लागि लगाइन्छ । कहीं यो टीकाको कारण हामी बाघ देख्छौं । कि ? विनम्र आग्रह गरें ।

जोर्डन भाइले मेरो कुरा सुन्नासाथ बाघ देखाउने ग्यारेन्टी दिन थाले । पर्यटकहरूले बोटेको हातबाट टीका थापे निधारमा मैलेझैं ।

म धेरैपटक यहाँ आएको छु । यहाँको भूगोलको जानकारी छ र बाघ देख्ने सम्भावित ठाउँमध्ये एक हो यो ठाउँ । तथापि मैले कैयौं प्रयत्न गर्दागर्दै बनराजालाई देखेको छैन आजसम्म । भाइलाई यो कुरा भने मैले । भाइले आज बाघ देखाउने ग्यारेन्टी लिन थाले । भाइको फुँइ पत्याउन जरुरी ठानिंन र म गाडीमा चढें पर्यटकहरूसँगै ।

गन्तव्यमा पुगेपछि गाडी रोकियो । लोकनाथभाइ आयो अँगालो फैलाएर अँगालोले स्वागत गरे लोकुभाइले । लोकनाथ वस्ती यस रिर्सोटका इन्चार्ज । भलाकुसारी गर्दै पुग्यौं डाइनिङ हलमा । सुस्तायौं केहीबेर र तयार भएको खाना खायौं पेटभर । नेपाली खाना दाल, भात, कुखुराको मासु, सब्जी, अण्डाकरी, पुरी, तरकारी आदि ।

जोर्डन भाइको समर्थन गर्दै लोकभाइ भन्न थाल्यो - दाइ हिजो आउनुभएको भए बाघ टाढा जानै नपर्ने । ऊ त्यहीं बाघ सुतिरहेको भन्दै अगाडिको ठूलो खुल्ला चौर देखाए । मनैमन इस् भने । खिसी गर्न मन तुलबुल्यायो । मनको तुलबुल रोक्न नै बेस लाग्यो मलाई ।

मलाई बाघ हेर्ने संजोग जुरेको छैन, नत्र यत्रो चोटि आउँदा कमसेकम एकपटक त देख्नुपर्ने ? मन आफैं निराश भयो । केहीबेरपछि हात्ती चढेर जनावर हेर्न जङ्गल जानु थियो हाम्रो कार्यक्रममा । बाघ देखिन्न । हौसला कम थियो मनमा । मैले जङ्गल नजाने निधो गरें । केहीबेर सुस्ताउन टेन्टमा गएँ । रेडियोको हल्का आवाजमा गीत सुन्दै म के निदाउन थालेको थिएँ, कोही मेरो टेन्ट अगाडि कुद्दै आएकोले आँखा खोलें । स्याँ-स्याँ गर्दै जोर्डनभाइ आइपुग्यो मेरोअगाडि । हतारिँदै भन्यो एकै सासमा “दाइ, दाइ चाँडो तयार हुनुहोस् मैले तपाईंलाई बाघ देखाउन सक्ने हात्ती राखिदिएको छु ।” मलाई नलगी नजाने अड्डी लियो भाइले । सोचें यति धेरै, माया र मेहनेत कसैले गर्दैन, जुन भाइले गरिरहेछ । मलाई बाघ हेर्ने लोभ भाइको जिद्दीले पनि जगाई दियो । भाइको जीत भयो । तयार भएर दुवैजना हतार-हतार हात्ती चढ्ने ठाउँमा पुग्यौं । मेरा पर्यटकहरू

मलाई पर्खिरहेका रहेछन् । बाघ गन्धे जनावर हो । वरपर बाघ छ भने तीखो नाक भएको मान्छेले बाघको उपस्थिति बुझ्दछ । मानिसको भन्दा जनावरको सुँघ्ने शक्ति तीखो हुन्छ । हात्ती ठूलो जनावर भए पनि आँखा स्यानो हुन्छ र दृष्टि कमजोर । त्यसैले हात्तीले धेरैजस्तो कुरा सुँघेर थाहा पाउँछ । बाघदेखि हात्ती पनि डराउँछ । बाघको छनक पाउनासाथ हात्ती भित्रैदेखि काम्छ र चीत्कार निकाल्छ । माउते पनि बाघको छनक पाउन कम सिपालु हुँदैन । हात्तीले दिएको छनक, बाघको गन्ध कुन दिशाबाट आएको छ त्यहाँको आधारमा बाघ देखाउन खप्पिस माउतेमा हाम्रो हात्तीको माउते पहिलो रहेछ र त जोर्डनले मलाई उसँग जान जोड दिएको रहेछ ।

अरू रिसोर्टभन्दा केही पृथक् छ 'टेम्पल टाइगर' । क्याम्प भएको ठाउँ खोलाभन्दा माथि परेको छ भने खोलाले छोडेको उत्तरी भाग पूर्ण मिश्रित जङ्गल र उत्तर-पश्चिम घना हात्ती नै छोप्ने घाँसे मैदान भित्र छिऱ्यो हात्ती ।

बेतजस्तो देखिने ढड्डी घारी । वरपर केही देखिदैन । जति हात्तीको खुट्टा र सुँडले पछ्याउँछ त्यही नै मात्र देखिन्छ । सुँढले पन्छाएर खुट्टाले बढारेर बाटो बनाउँदै हात्ती अगाडि बढिरहन्थ्यो । माथि आकाश खुल्ला थियो, बादलको एक धर्सो पनि नभएकोले नीलाकाश अनि उडिरहेका उन्मक्त चराहरू झल्याक-झुलुक्क ।

नाकको डाँडीसम्म आउने ढड्डी धेरैजसो आफैंले पन्छाउनु पर्ने नत्र अनुहार कोर्ला भन्ने त्रास । माउतेको दुवै हातले भ्याए जति पन्छाएर स्याहारिरहेथ्यो हामीलाई र पनि हामी आफैं पन्छाउन व्यस्त थियौं ।

माउतेको दुवै खुट्टा हात्तीको ठूलाठूला कानभित्र क्रियाशील छन् भने दुवै हातमा डण्डा र अङ्कुशको सहायताले ढड्डी पन्छाउँदै टाढा-टाढा फ्याँक्ने प्रयत्न गर्दैथ्यो ।

ढड्डी घारीले छपक्क छोपेको थियो हामीलाई । कति ठूला-ठूला ढड्डी । यही ढड्डीबाट घर बनाउँछन् स्थानीय बासिन्दाहरू । झट्ट हेर्दा बेतझैं लाग्ने तर कोमल । दिनभरि कडा मेहनत गरेर राति मस्त निश्चिन्त निद्रा दिएको छ यसले । पानी परेन भने जुगौं जान्छ रे यो ढड्डी । यसबाट साधारण घर बनाउन नगन्य रकम लाग्छ । गरिबहरूको लागि अति नै उपयोगी । निकुञ्जभित्रका महङ्गा र, प्रचलित रिसोर्ट टाइगर टप, मचान, आइल्याण्ड, चितवन जङ्गल लजका कोठाहरू यिनै ढड्डीबाट कलात्मक ढङ्गले बनाएका छन् । वार्निस लगाएर चिटिक्क पार्दा पहिलोचोटि बेत नै ठम्याएथें मैले । सस्तोमा सस्तो, राम्रोमा राम्रो । स्थानीय बासिन्दाको खाँचो पूर्ति गर्न रोयल्टी लिएर सालको एकपटक जङ्गल पस्ने प्रावधान छ र उनीहरू खर, खाँवा, दाउराको जोहो गर्छन् । जङ्गलभित्र मेला नै लागेजस्तो हुन्छ र जनावरहरू बिच्किएर चुरेतिर भाग्छन् । ढड्डी, खर काटिसकेपछि ठुटाहरूमा आगो लगाइदिन्छन् ।

यसरी आगो लगाउँदा नयाँ पालुवाहरू अझ सप्रेर आउँछ रे । अहिले यही सप्रेको ढड्डीघारीभित्र बाघ हेर्ने लालसामा थिएँ म । यति बाक्लो ढड्डीभित्र हात्तीलाई अगाडि बढ्न मुश्किल परिरहेथ्यो । कुनै सामान खस्यो भने भेट्न मुस्किल, त्यस्तो बाक्लो ढड्डीघारी ।

मनभित्र बाघ हेर्न कौतुहल मात्र हैन त्रास पनि थियो । यस्तो बाक्लो झाडी नजिकको चिज देख्न पनि मुस्किल । त्यसमाथि बाघ बिरालो जातिको जनावर, सम्पूर्ण शरीर लुकाएर बस्न सक्ने । कथंकदाचित झम्ट्यो भने ? बाघ १०/१२ फिट उफ्रन सक्छ । यहीं झम्टिहाल्यो भने त सहारा भगवान्मात्रै हो ।
तैपनि सतर्क हुनखोज्थें । सतर्क भएर बाक्लो ढड्डीघारी छिचोल्न खोज्थें । कतै खस्याक्क गर्दा पनि झसङ्ग हुन्थ्यो मन । काँढा उम्रन्थ्यो जीउभरि । मुटु ढुकढुक गर्थ्यो । भासमा हात्तीको खुट्टा परेछ । धेरै बल गऱ्यो निस्कन । माउतेले अङ्कुसले यति सार्‍हो हिर्कायो, पीडा दबाउन नसकेर हात्ती क्वाँ-क्वाँ गर्दै आर्तनाद गर्न थाल्यो । त्यतिखेर हाम्रो मन खग्रङ्ग भएथ्यो । एक्कासि एउटा जनावरले हाम्रो छेउबाट बुर्कुसी माऱ्यो । हामीले जनावर चिनेनौं । माउतेले भन्यो मृग । मन हल्का भयो बल्ल । हात्ती भासबाट निस्क्यो । बाहिर निस्केर थररर काप्यो हात्ती ' ।

यत्रोविघ्न ढड्डीघरी हिंडेको दुई घण्टा भइसक्यो । माउतेले बाघ देखाउन गरेको मेहनत सराहनीय थियो । तर पनि बाघ हेर्ने छाँट थिएन । आज पनि बाघ देख्न नपाइने भइयो । मनमनै भनें ।

मानव सुलभ स्वभाव, जब मन निराश हुन्छ, मानिसको अन्य इन्द्रियहरूलाई प्रभाव पार्छ । धेरैजसो मस्तिष्क थाकेको अनुभव गर्न थाल्छ, शरीर सुस्त हुन थाल्छ । जीउ कातरजस्तो भारी भएर मन निरासिएर मैले माउतेलाई फर्कन अनुरोध गरेँ । माउतेमा हौसलाको कमी रहेनछ । 'बाघ देखिन्छ एकछिन घुमौं' मेरो थाकेको मनमा आशाको न्यानो किरण पस्यो विरोध गरिनँ उसको कुरामा ।

आधा घण्टापछि पुनः धैर्यको बाँध फुट्यो । म जिद्दी गर्न थालेँ फर्कने कुरामा । माउतेले मान्दै मानेन । ऊ मभन्दा जिद्दी देखियो ।

माउतेले ढड्डीबाट निकाल्यो हात्ती । स्यानो ढिस्को उक्लिएपछि सिसौ घारी भए पनि केही खुल्ला ठाउँमा आइपुग्दा मनै, फुरुङ्ग भयो ।

माउतेले अब फर्कने मन्तव्य राख्यो । उसले आफ्नो समयभन्दा ज्यादै घुमाएको थियो हामीहरूलाई । फर्कने सहमति दिएँ । म त पहिले नै फर्कन चाहेको पनि थिएँ मनले चाहेजस्तो नहुँदा मन मुरमुरिएको थियो । माउते अझै बाघ देखाउँछु भन्ने आशामा रहेछ । भन्यो, 'यो बाटोमा बाघ देख्ने सम्भावना छ है दाइ ।' हौसला दिएँ ल फर्कदै अन्तिम प्रयास गर । लम्कदै गरेको हात्तीको चाल सुस्त भयो र भित्र-भित्रै हात्ती काम्यो । हात्ती काम्दा जिउमात्र हैन आवाज पनि निकाल्न गुडुर्रर र हावामा सुँड फैलाउन थाल्यो त्यति नै खेर माउतेले खुसी हुँदै भन्यो सुस्तरी दाइ, म तपाईंलाई बाघ देखाउँदैछु । मनको जिज्ञासा मेटे के साँच्चै देखाउँछौ भाइ ? देखाउँछु । तिमीले देखिसक्यौ त बाघ ? देखेको छुइन । माउतेलाई नजिकै बाघको उपस्थिति स्पष्ट भएछ । जेहोस्, दाइ तपाईंहरूलाई धेरै दिक्क लगाए पनि बाघ देखाइछाडे मैले । एक मिनेटमा दाइको मनमा पालिराखेको मनोकामना पूरा हुने भयो । बाघ देख्ने भएर मन पुलकित भयो । जङ्गलमा वनराजालाई हेर्ने मेरो सपना । स्यानो बालकले इच्छित वस्तु प्राप्त गर्दा असीम खुसी भएझैं बाघ देख्ने अवसर पाउने भएकोमा लेकको डाँफेले तलतल झर्न वेग मारेझैं मेरो मन खुसीले वेग मार्न थाल्यो ।

मैले मेरा पर्यटकहरूलाई अब हामी बाघ देखाउँछौं भनें । यत्रो घण्टाको यात्रामा हामीले चराचुरुङ्गीबाहेक कुनै जनावर देखेका थिएनौं । केही देख्न पाइएन भनेर उनीहरू पनि निराश थिए । मेरो कुराले उनीहरूले आँखामा पूर्णिमाको चमक देखियो । सूर्योदयको पहिलो किरण हिमालयको टाकुरामा पर्दा हिउँको रङ्ग बदलेर जुन चमक आउँछ, उनीहरूको मुहारमा त्यही चमक थियो । यद्यपि हात्तीमाथि बसेर खुब थाकेका थिए उनीहरू पनि ।

माउतेले पहिलेको भन्दा स्यानो स्वर बनायो र मलाई सम्बोधन गऱ्यो दाइ अब आवाज ननिकाल्नु होला । म बाघ देखाउँदैछु । पर्यटकहरूलाई उक्त कुरा मैले पनि भनें । अनि क्यामेरा ठीक पार्न अनुरोध गरें । हात्ती अगाडि बढ्न गाऱ्हो मानिरहेथ्यो । माउतेले खुट्टाले अगाडि बढ्न दबाब दिइरहेथ्यो । हात्तीलाई कुट्दा आवाज निस्केर बाघ भाग्न सक्छ । त्यसैले माउतेलाई ज्यादै परिश्रम गर्नु परिरहेथ्यो ।

घडीको टिकटिकसँगै मन ढुकढुक गरिरहेथ्यो । यो मन पनि बुझ्नै नसकिने गाऱ्हो छ । डर हुँदा पनि ढुकढुक हुन्छ । अनि खुसीको पर्खाइमा पनि ढुकढुक हुन्छ । बाघ देखिने भयो- कौतुहल मनमा, उमङ्ग मनमा । आज चितवनको जङ्गलमा शाही बङ्गाल बाघ हेर्ने मनको तलतल मेटिने भयो । अघिको थाकेको गऱ्हौं मन फूलझैं हलुका भयो । यति नै खेर माउते सबैले सुन्ने गरी खुसीले फुरुङ्ग भयो । म हौदाको पछाडिपट्टि थिएँ । घाँटी तन्क्याएर हेरें अगाडि । नभन्दै हाम्रो अगाडि हात्ती हिंड्ने बाटोको बीचमा काठमाडौंको सडकमा साँढेले ट्राफिक कन्ट्रोल गरेझैं बाघ बाटो छेकेर बसेको ‼ पहिलोचोटि बाघ जङ्गलमा देख्दा मन ढक्क भयो ।

बाघ अगाडिको पञ्जा फैलाएर, पछाडिको खुम्च्याएर बसेको थियो । हात्तीमाथिबाट हेर्दा टाउको र ढाड मात्रै देखिन्थ्यो । यसरी पहिलोचोटि वनराजालाई उसकै दरबारमा भेट्दा मन ढक्क फुल्यो । मेरो इच्छा पूरा हुँदा खुसीले आँखा गिलो भयो । मनमनै वनराजालाई अभिवादन गरें । म माउते र जोर्डनभाइप्रति कृतज्ञ बनें । पर्यटक र मैले धेरैपटक 'फ्लाइङ्ग किस' दियौं, धेरैपल्ट ‼

वनराजा र हाम्रो दूरी यस्तै ५/६ मिटरभन्दा टाढा छैन । वनराजा न हो, आराम फर्माइरहेको के हट्थ्यो । हामीले हेऱ्यौं- उसका पञ्जा, नङ्ग्रा, हृष्टपुष्ट भएर होला चिल्ला थिए । कहिले पुच्छर माथि उठाउँथ्यो, कहिले हाई काट्दै हामीलाई हेर्थ्यो । पर्यटकहरूले फोटो खिचे फटाफट । मैले आफ्नो क्यामेरा नल्याएकोमा मनमनै चुकचुकाएँ । क्यामेराको फ्लास झिलिक झिलिक हुँदा पनि विचलित छैन ऊ । बाघको बारेमा धेरै कुरा सुनेथें । बाघ भरसक तर्कन खोज्छ । कोही आएको आभास पाए लुक्छ । जम्काभेट भए जाइलाग्छ । तर मैले त्यस्तो केही पाइनँ । ऊ आफू बसेको ठाउँबाट डेग नहच्कने । त्यसैले वनको राजा बनेको रहेछ क्यार । हामी बोलिरहेकै थियौं, आवाज वनराजाले पनि सुन्दथ्यो । कहिले हामीतिर हेर्थ्यो, कहिले अगाडिको पञ्जा चाट्थ्यो ।

आफ्नो मेहनत खेर नगएकोमा माउते खुसी थियो । जब उसले बाघ स्पष्ट देख्यो, आफ्नो प्रतिक्रिया भन्यो -"ए भालेगैंडा (बाघको नाम) पो रहेछ । यो वनराजा चितवनभरिको दोस्रो ठूलो बाघ हो । यो भाले बाघ 'टेम्पल टाइगर' इलाकामा धेरै अघिदेखि आफ्नो आधिपत्य जमाएर बसेको छ ।"

राष्ट्रिय निकुञ्जको स्थापना अगाडि यी जनावरहरू जति उपेक्षित थिए त्यति नै असुरक्षित पनि । यी हिंस्रक जन्तुहरू राष्ट्रका गहना हुन् । यिनीहरूको संरक्षण अपरिहार्य छ अन्यथा एकदिन हामी यो अमूल्य सम्पदा गुमाउनेछौं । यही अवधारण अन्तर्गत राष्ट्रिय निकुञ्जको स्थापना १९७३ मा स्व. तत्कालीन राजा महेन्द्रबाट भएपछि शाही सेनाबाट दिन-रात गस्ति लगाई सुरक्षा प्रदान गरिदैछ । यिनीहरूको संख्या कति छ रेकर्ड लेखिन्छ । समय-समयमा यिनीहरूको निरीक्षण गरिन्छ । टेन्कलाइजरबाट बेहोस बनाई यिनीहरूको शरीरमा यन्त्र राखिन्छ । चिन्नका लागि स्पष्ट चिनो लगाई नाम राखिन्छ । यो दोस्रो ठूलो बाघ भएकोले 'भाले गैंडा' नामकरण गरिएको माउतेभाइ भन्छन् । हाम्रा शाही सेनाका सुरक्षा गार्डले गस्ती लगाइरहन्छन् । तर पनि ज्यान लिने अपराधीको कमी छैन । गैंडाको सिङ, बाघको छाला, हाड अमूल्य भएकाले शिकारीहरूको बिगबिगी हुन्छ । त्यसैले लालचीहरूको लालचको शिकार बन्छन् यी निर्बोध जनावरहरू । हाल यो ९६७ वर्ग मिटरको जङ्गलमा ४८० वटा गैंडा र ६० वटा बाघ छन् भन्ने माउतेबाट धेरै कुरा थाहा भयो ।

"अब वनराजाले बाटो नछोड्ने भयो । यसलाई उठाइदिउँ दाइ ?" मैले जिज्ञासा राखें- कसरी उठाउँछौं सिधै लगेर हात्ती भिडाउने ! यसको परिणाम जान्न चाहेँ" "यसले हात्तीको अगाडिको भागमा झम्टन्छ" नडराई भन्यो माउतेले । अनिष्टकारी परिणाम भोग्न तयार भइनँ । भरसक तर्काउनु राम्रो भाइ । यसरी बिच्काएपछि अरूले अवसर पाउँदैनन् वनराजाको दर्शन गर्न । मैले अनिष्टदेखि डराएको बोध हुन दिइनँ उसलाई ।

हात्ती केही पछाडि सरेर मोडियो । पहिलो जुन बाटो आएको थियो त्यही बाटोतिर । मनमा आशङ्का जन्म्यो । यसले झम्ट्यो भने बितें म त । पछाडि फर्केर हेरें, वनराजामा कुनै प्रतिक्रिया छैन हामी फर्किएकोमा । मेरो खुट्टा हौदाबाट झुण्डिएको थियो । खुट्टा माथि तानें अलिकति टाँसिन पुगेछुँ मेरा पर्यटकसँग । उनीहरू हाँसे म डराएकोमा ।

हात्तीले बाटो छल्यो । अब अनिष्टको कुनै सम्भावना थिएन । जङ्गलमा बाघ हेरेँ पहिलोपल्ट । मन खुसीले गद्गद् थियो । हात्ती लम्कियो गन्तव्यतिर । शायद अँध्यारोको आभासले डराइरहेथ्यो हात्तीलाई ,

*- मधुमल्ला, मोरङ*